चौतारा साँगाचोकगढी नगरपालिका
ཅཽ་ཏཱ་ར་ སཱ་ག་ཅོག་ག་ཌྷི་ ན་གར་པ་ལི་ཀ།
Chautara Sangachokgadhi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चौतारा, सिन्धुपाल्चोक Chautara, Sindhupalchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Letter No.) : २०८२/८३
चलानी नं. (Dispatch No.) :

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०३ गते

यस चौतारा साँगाचोकगढी नगरपालिकामा देहाय बमोजिमको पद खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तोकिए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०८/२०८२/०८३ | सहायक कम्प्युटर अपरेटर | सहायकस्तर चौथो | ६ (छ) | |
| २. | ०९/२०८२/०८३ | नायव पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर चौथो | १ (एक) | |
| ३. | १०/२०८२/०८३ | नायव पशु सेवा प्राविधिक | सहायकस्तर चौथो | १ (एक) | |
| ४. | ११/२०८२/०८३ | अ.सब.इन्जिनियर (सिभिल) | सहायकस्तर चौथो | १ (एक) | |

१. आवश्यक न्युनतम शैक्षिक योग्यता

क. सहायक कम्प्युटर अपरेटर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा SLC/SEE उत्तीर्ण भई कम्तीमा ६ महिने कम्युटर कोर्ष गरेको।

ख. नायव पशु स्वास्थ्य प्राविधिक र नायव पशु सेवा प्राविधिक पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा TSLC/SEE उत्तीर्ण भई पशु विज्ञानमा कम्तीमा ग्रेड सी प्राप्त गरी न्यूनतम १ वर्षे जे.टि.ए. तालिम प्राप्त भएको ।

ग. अ.सब.इन्जिनियर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सि. वा सो सरह उत्तीर्ण भएको ।

२. उमेरको हद : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। (महिलाको हकमा ४० वर्ष ननाघेको)

३. दरखास्त दिने अन्तिम मिति : २०८२/०९/१७ गते कार्यालय समयसम्म।

४. परीक्षा मिति पछि प्रकाशन गरिनेछ।

५. दरखास्त पेश गर्ने अन्तिम मितिका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयसम्म दरखास्त पेश गर्न सकिनेछ।

६. दरखास्त बुझाउने स्थान : चौतारा साँगाचोकगढी नगरपालिका, प्रशासन शाखा, सिन्धुपाल्चोक।

७. दरखास्त दस्तुर : रु ५,००/- (पाँच सय) यस कार्यालयको राजश्व शाखामा बुझाई सक्कलै रसिद पेश गर्नुपर्नेछ।

८. करार सेवाको अवधि : २०८३ असार मसान्त सम्म।

९. कर्मचारीको सेवा शर्त तथा सुविधा : नियमानुसार।

१०. **परीक्षाको किसिम** : सहायक कम्प्युटर अपरेटर पदको हकमा लिखित, प्रयोगात्मक, अन्तर्वार्ता र अन्य पदको हकमा लिखित र अन्तर्वार्ता ।

११. क. यस नगरपालिकाको १८ औं नगर सभाले निर्णय गरी तत्काल कामकाज लगाएका व्यक्तिहरुले समेत यस विज्ञापनमा भाग लिनु पर्नेछ।

ख. प्रतिस्पर्धामा बराबर अंक ल्याएमा यस नगरपालिका भित्र डोर हाजिर वा अन्य कुनै तरिकाले कामकाजमा लगाइएका व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ।

१२. दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु :

- क. निवेदन।
- ख. नेपाली नागरिकताको प्रमाण-पत्र।
- ग. न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण-पत्र तथा चारित्रिक प्रमाण-पत्रको छायाँप्रति।
- घ. सहायक कम्प्युटर अपरेटर पदको हकमा कम्तीमा ६ महिनाको कम्प्युटर कोर्ष उत्तीर्ण भएको प्रमाण पत्रको प्रतिलिपि ।
- ङ. तालिमको प्रमाण-पत्र तथा अनुभव भए सो सम्बन्धी प्रमाण-पत्र।
- च. २ प्रति पासपोर्ट साइजको फोटो।

पदपुर्ति समिति
चौतारा साँगाचोकगढी नगरपालिका
सिन्धुपाल्चोक

**पुनश्च** : दरखास्त फाराम यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय तथा चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाइट chautarasangachowkgadhimun.gov.np मार्फत् प्राप्त गर्न सकिनेछ।